# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ संख्या : १ २०८२ जेठ १८

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

**छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

छायाँनाथ रारा नगरपालिका कृषि हाट बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०८२

# कृषि हाट बजार विकास तथा व्यवस्थापन निर्देशिका-२०८२

**स्वीकृत मिति**
२०८२/०१/२५
**प्रकाशित मिति**
२०८२/०२/१८

सवंत २०८२ को निर्देशिका नं. ०१

## कृषि हाट बजार विकास तथा व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गर्न बनेको निर्देशिका

**प्रस्तावनाः** छायाँनाथ रारा नगरपालिका भित्र स्थानीय स्तरमा कृषि उपजको उत्पादन, प्रशोधन, बजारीकरण गर्न तथा उपभोक्ताको आवश्यकता र मागका आधारमा खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली, पशुजन्य कृषि लगायत अन्य अत्यावश्यक उपभोक्ता वस्तु तथा सेवाहरुलाई सरल र सुलभ तरिकाबाट आपूर्ति गर्न, नगरपालिका क्षेत्रमा माग र आवश्यकताका साथै बाह्य बजारको माग समेतलाई मध्येनजर गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्दै कृषकहरूबाट उत्पादित कृषि तथा पशुजन्य उपजहरू बाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई समावेश गरी नगरपालिका क्षेत्र भित्र बजार प्रणालीको व्यवस्थित र प्रतिस्पर्धात्मक क्षमताको विकास तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले देहायको निर्देशीका स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्ररम्भः** (१) यो निर्देशिकाको नाम छायाँनाथ रारा नगरपालिका "कृषि हाट बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका छायाँनाथ रारा नगरपालिकाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "नगरपालिका" भन्नाले छायाँनाथ रारा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "नगर प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ग) "उपप्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

(ङ) "शाखा" भन्नाले छायाँनाथ रारा नगरपालिकामा रहेको कृषि तथा पशुपंक्षी विकास शाखा सम्झनु पर्छ । सो शब्दले सम्बन्धित समिति वा इकाइ समेतलाई जनाउँछ ।

(च) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित कृषि हाट बजार विकास तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान कोष सम्झनु पर्छ।

(ज) "कृषि बस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित खाद्यान्न, तेलहन, दलहन, मसला वाली, फलफुल, तरकारी तथा माछा मासु जस्ता ताजा वा नाशवान वस्तु तथा पशु वस्तु भन्नाले जिवित पशुपछी तथा पशुजन्य उत्पादित पदार्थलाई सम्झनु पर्छ।

(झ) "कृषि हाट बजार" भन्नाले खाद्यान्न, फलफूल, तरकारी, तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ, मह, खद्यान्न, माछा, मासु, अण्डा लगायतका बस्तु वासमितिले तोकेको अन्य खाद्यान्न तथा कृषि वस्तु र कृषि उत्पादन सामाग्री समेतको खरिद बिक्री सम्बन्धि क्रियाकलाप गर्न यस निर्देशिका बमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पर्छ।

(ञ) "थोक बजार" भन्नाले पुन विक्री वितरण गर्ने गरी कृषि वस्तुको खरीद विक्री हुने उद्देश्यले सञ्चालित स्थल सम्झनु पर्छ।

(व) "कृषि उपज संकलन केन्द्र" भन्नाले उत्पादन क्षेत्रबाट कृषिउपज खरिद गरी वा संकलन मात्र गरी अन्यत्र बजारमा बेच बिखन गर्ने उद्देश्यले सञ्चालित स्थल सम्झनु पर्छ।

(श) "कृषि खुद्रा बजार" भन्नाले कृषि वस्तु उपभोक्ताहरुको लागि फुटकर रुपमा खरिद बिक्री गर्ने उद्देश्यले सञ्चालित बजार स्थल सम्झनु पर्छ।

(ष) "सेवा शुल्क" भन्नाले हाट बजारमा समाग्री बेच विखन गरी नाफा आर्जन गर्ने उद्देश्यले राखिएको पसल बापत व्यपारीबाट उठाउने रकम भन्ने बुझ्नु पर्छ।

(स) "बजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्छ।

(ह) "सम्झौता" भन्नाले स्थानिय सरकारको तर्फका प्रतिनिधि, हाट बजार व्यवस्थापन समिति अध्यक्ष तथा जग्गादाता वा अन्य लगानी कर्ता बीच गरिएको लिखत सम्झौता पत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## समितिको गठन, काम कर्तव्य र अधिकार

३. **समिति गठनः** (१) नगरपालिका स्तरमा हाट बजार व्यवस्थापन तथा सञ्चालनका लागि नगर कार्यपालिकाले देहाय बमोजिम एक हाट बजार व्यवस्थापन तथा सञ्चालन निर्देशिका समिति गठन गर्नेछ।

| | | |
|---|---|---|
| (क) | कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य | -संयोजक |
| (ख) | कार्यपालिकाको उपाध्यक्ष | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ङ) | सम्बन्धित वडाका वडाध्यक्ष | -सदस्य |
| (च) | हाट बजार भित्र कम्तीमा छ महिना देखि व्यवसाय गर्दै आएका व्यवसायी मध्येबाट एक जना महिला सहित दुई जाना प्रतिनिधि | -सदस्य |
| (छ) | वजार व्यवस्थापन समिति अध्यक्ष | -सदस्य |
| (ज) | उद्योग वाणिज्य संघ अध्यक्ष वा प्रतिनिधि | -सदस्य |
| (झ) | उपभोक्ता हित संरक्षण समितिको प्रतिनिधि एक जना | -सदस्य |
| (ञ) | नगरपालिकाको नगर प्रहरी प्रमुख | -सदस्य |
| (ट) | बजारको मुख्य प्रभाव क्षेत्र भित्रको सक्रिय कृषक समूहको एक जना महिला सहित दुई जना प्रतिनिधि | -सदस्य |
| (ठ) | पशु वा कृषि शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेकीएको भएतापनि समितिले आफ्नै श्रोतबाट बजार व्यवस्थापक नियुक्ति नभए सम्मको लागि नगरको कृषि तथा पशु शाखाले तोकेको कर्मचारीले बजार व्यवस्थापकको रुपमा कार्य गर्नु पर्छ।

(३) समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्‍याउन समितिका कुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. **सदस्यहरुको योग्यताः** यस निर्देशिकाको दफा ३ बमोजिम गठन भएको समिति तथा उपसमितले यस निर्देशिकाको अनुसूचीहरु बमोजिमको कागजातहरु बनाउनु पर्नेछ र समिति, उपसमितिका सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुन पर्छ।

(क) नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पुगेको,

(ग) बजार स्थलको कार्य क्षेत्रभित्र बसोबास गरेको,

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(ङ) कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तानी भएको पाँच वर्ष पुरा भएको,

(च) मगज नबिग्रेको,

(छ) कुनै राजनैतिक पदमा वहाल नरहेको,

(ज) कृषि उपज बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) बजारको विकास, संवर्द्धन, विस्तार, बजार स्थलको उपयोग तथा बजारको फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, नियम तथा मापदण्ड तर्जुमा गरी कार्यपालिकामा सिफारिस गर्ने,

(ख) बजारको विकास, संवर्द्धन, विस्तार, बजार स्थलको उपयोग तथा बजारको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्ययोजना बनाई लागू गर्ने,

(ग) बजारको भौतिक पूर्वाधारको सुरक्षा, संरक्षण, सञ्चालन, संभार तथा विकास गर्ने,

(घ) बिक्री स्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय, पार्किङ्ग सेवा उपलब्ध गराउने,

(ङ) बजार संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवाशर्त र सुविधा यकिन गरी आम्दानीको आधारमा कर्मचारी व्यवस्थापन गर्ने,

(च) बिक्री गर्न ल्याइएका खद्यान्न तथा अन्य वस्तु तथा सेवाहरुको अनुगमन गरी गुणस्तर परीक्षण गर्ने,

(छ) बजार भित्र व्यवसाय सञ्चालनका क्रममा उत्पन्न हुने विवादको व्यवस्थापन गर्ने,

(ज) कृषि वस्तुको ग्रेडिङ तथा स्तर निर्धारण गरी त्यस्ता वस्तुहरुको खरिद बिक्रीलाई प्रोत्साहन गर्ने,

(झ) बजार भित्रको सेवा, सुविधाहरुको शुल्क निर्धारणका लागि कार्यपालिकामा सिफारिस गर्ने, स्वीकृत शुल्क असुल गर्ने,

(ञ) कृषि बजार सूचना प्रणाली स्थापना गर्ने,

(ट) बजारमा हुने क्रियाकलापहरुको नियमित निरीक्षण तथा सुपरीवेक्षण गर्ने,

(ठ) कृषि उत्पादक, व्यपारी, उपभोक्ता, संघ, संस्थाका बिषयमा प्रचार प्रसार गर्ने,

(ड) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने,

(ढ) बजार सञ्चालन तथा विस्तारको लागि जग्गा खरिद, भवन निर्माण, आवश्यक मेशिनरी औजार खरिद गर्ने तथा भौतिक पूर्वाधारहरु भाडामा लिने दिने,

(ण) सम्भाव्य क्षेत्र वा वडाहरुमा आवश्यकता अनुसार हाट बजारको स्थापना, वडा स्तरमा समिति निर्माण उक्त समितिको काम, कर्तव्य र अधिकार एवं सञ्चालन सम्बन्धी व्यवस्था मिलाउन कार्यपालिकालाई सल्लाह सुझाव दिने,

(त) बजार भित्र व्यवसाय सञ्चालनको क्रममा व्यवसायीद्वारा कालोबजारी गरेको, गुणस्तरहीन वस्तु तथा सेवा बिक्री वितरण गरेको, अखाद्य वा मिसावटयुक्त वा अन्य कुनै प्रकारको उपभोक्ताको हित सङ्कुचन वा स्वास्थ्य प्रतिकुल असर पर्ने वस्तु वा सेवा खरिद बिक्री हुने गरी कार्य गरेको पाइएमा व्यवसाय सञ्चालनमा रोक लगाई कानून बमोजिम कारवाहीका लागि सिफारिस गर्ने,

(थ) छरिएर रहेका साना-साना बजारलाई आवश्यकता अनुसार एकीकृत गर्ने,

(द) प्रमाणिक नापतौल प्रणाली (Standard Wright and Measuring System) तथा आधिकारीक निकायबाट प्रमाणित वा स्वीकृत नापतौल विपरित कार्य गरेको पाइएमा सामाग्री वा उपकरण जफत गरी कारवाही गर्ने।

(ध) बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने, गराउने,

(न) कृषि शाखाको प्रविधिकको सहयोगमा योजनातर्जुमा, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने तथा स्वीकृत गराई कार्यान्वयनको व्यवस्था मिलाउने तथा स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रहेर खर्च गर्ने गराउने,

(प) बजार भित्र रहेका संरचनाको बिमाको व्यवस्था मिलाउने।

६. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तिमा चौबिस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्छ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कार्यपालिका उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(५) समितिको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित गरी अभिलेख राखिनेछ।

(६) समितिले आवश्यक देखेमा प्रचलित कानून बमोजिम कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिले बैठकमा आमान्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गर्न सक्नेछ।

७. **वडा स्तरीय कृषि बजार व्यवस्थापन समितिको गठनः** (१) समकलन केन्द्र र खुद्रा बजारको संचालन एवं व्यवस्थापन गर्न देहाय बमोजिम कृषि बजार व्यवस्थापन समिति गठन हुनेछ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरु -सदस्य

(ग) वडा कृषक समन्वय समिति संयोजक -सदस्य

(घ) वडा समितिले तोकेको वडा भित्रको बजारको मुख्य प्रभाव क्षेत्र भित्रको सक्रिय कृषक समूहको एकजना महिला सहित दुई जाना जन प्रतिनिधि -सदस्य

(ङ) वडा भित्रको खुद्रा बजार र संकलन केन्द्रमा ईजाजत प्राप्त गरि नियमित कारोबार गर्ने दुई जना व्यपारी प्रतिनिधि -सदस्य

(च) पशु तथा कृषि शाखाको सम्बन्धित वडा हेर्ने कर्मचारी -सदस्य सचिव

८. **सदस्यहरुको पदावधिः** (१) मनोनित सदस्यहरुको पदावधिमितिले दुई वर्षको हुनेछ । निजहरुको पुनर्नियुक्ति हुन सक्नेछ ।

(२) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-३
## कृषि बजार दर्ता, अनुगमन र नविकरण

९. **कृषि बजार दर्ता सम्बन्धी व्यस्थाः** (१) कृषकहरु द्वारा गठीत कृषि बजार समिति थोक बजार र अन्य बजारहरुको हकमा सम्बन्धित वडाका कार्यालयको सिफारिसमा अनुसूची-१ बमोजिमको कागजात सहित दर्ताको लागि नगरपालिकामा पेश गराउनु पर्छ।

(२) बजार समिति दर्ता गर्दा देहायका मापदण्ड एवं प्रकृया पुरा भएको हुनु पर्नेछ।

(क) बजार स्थापनाको लागि पर्याप्त रुपमा जग्गाको क्षेत्रफल उपलब्ध हुनु पर्छ,

(ख) करोबारको अवस्था,

(ग) बाटोका सुविधा,

(घ) अन्य बजारहरुको सामिप्यता,

(ङ) कृषि उपजको उत्पादनको अवस्था

(च) उपभोक्ताको बढी माग हुने क्षेत्र ।

(३) उपदफा (२) बमोजिम मापदण्ड एवं प्रकृया पुरा गरि पेश हुन आएको निवेदन अनुसार अनुसूची-२ बमोजिम प्रमाणपत्र उपलब्ध गराउनु सकिनेछ।

१०. **नविकरण सम्बन्धी व्यवस्थाः** (१) समितिले प्रत्येक एक वर्षमा दर्ता नविकरण गराउनु पर्छ। अनुसूची-३ बमोजिम नविकरणको आवेदन साथ उक्त अवधिको समितिको लेखा परिक्षण प्रतिवेदन र बस्तु अनुसारको कारोबार (परिमाण र रकम) समेत संलग्न राखि पेश गर्नु पर्छ। समिति दर्ता गर्ने निकायबाट नै नविकरण गरिनेछ। थोक बजारको हकमा सम्बन्धीत वडा कार्यालयको सिफारिस सहित नगरपालिकामा अनुसूची-३ बमोजिम आवेदन दिनु पर्छ।

११. **बजारमा पुर्वाधार विकासका मापदण्ड एवं प्रक्रियाः** (१) बजारमा पूर्वाधार विकासकालागि सरकारी लगानी प्राप्त गर्न देहायका मापदण्ड एवं प्रक्रिया पुरा भएको हुनु पर्छ।

(क) बजारको स्थापना वा पूर्वाधार विकास गर्न प्राविधिक रुपमा सम्भाव्य हुनुपर्ने।

(ख) बजार केन्द्रले चर्चेको वा चर्चिने जग्गाको स्वामित्व सार्वजनिक वा संस्थागत निकायमा रहनु पर्ने र सोको उपयोग बजार सञ्चालन प्रयोजनका लागि मात्र हुने गरी उक्त जग्गा उपलब्ध हुनुपर्छ। कृषि बजारको स्थापनाको लागि आवश्यक जग्गा व्यवस्था गर्नु नगरपालिकाको कर्तव्य हुनेछ।

(ग) बजार केन्द्रले चर्चेको वा चर्चिने जग्गाको स्वामित्व, साँधसिमाना र भोगचलन पूर्णत विवाद रहित तथा कुनै प्रकारको अतिक्रमण वा खिचोला नभएको हुनुपर्ने।

(घ) प्रस्तावक निकाय वा लाभग्राही द्वारा बजारको संचालन, बजारबाट हुने आम्दानी खर्चको बाँडफाँड र वितरण तथा अन्य आर्थीक एवं व्यवस्थापकीय जिम्मेवारी र दायित्वहरुको बहनका साथै निर्देशिकाको पूर्ण रुपमा परिपालना गर्ने व्यहोराको मञ्जुरीमा पेश गरेको हुनपर्ने।

(ङ) एक हाट बजार देखि अर्को हाट बजार बीचको दुरी कम्तिमा ५ कि.मि. हुनु पर्नेछ।

(च) हाट बजार राजमार्गबाट कम्तीमा २०० मि. र मुख्य सडक (हुलाकी, रिङ्गरोड र लिंक रोड) भन्दा कम्तीमा १०० मि. दुरी टाढा अवस्थित हुनुपर्नेछ।

(छ) बजार विमानस्थल वा सामुदायिक वन वा मध्यवर्ती क्षेत्रको आसपासमा सञ्चालन गर्नुपर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्छ।

१२. <u>**भौतिक संरचनाः**</u> (१) हाट बजार तोकिएको मापदण्डको अधिनमा रहि निर्माण गर्नुपर्नेछ। हाट बजार परिसरमा तोकिए भन्दा विपरीत वा बढी संख्यामा संरचना निर्माण गर्न पाइने छैन।

(२) हाट निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलाम/सिमेन्टको पिलर र सि.जि.आई. छाना लगाउनु पर्नेछ।

(३) हाट बजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रबन्ध हुनुपर्नेछ।

(४) हाट बजारमा हुने जनघनत्वको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नुपर्नेछ।

(५) हाटबजारको प्रत्येक स्थल तथा संरचना र खुल्ला क्षेत्रमा विधुत तथा उज्यालेको लागि विजुली बतीको प्रबन्ध मिलाउनु पर्नेछ।

(६) हाट बजारको संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा पानी नजम्ने र ढलको उचित व्यवस्थापन गर्नु पर्नेछ।

(७) फोहरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रणः

(क) कृषि हाट बजारको फोहरमैला व्यवस्थापन तथा प्रदुषण नियन्त्रणको समितिले गर्नुपर्नेछ।

(ख) कृषि हाट बजार सञ्चालनको क्रममा निस्किने कुहिने र नकुहिने फोहरको अलग अलग संकलनको लागि दश स्टल बराबर ढकन सहितको एक डष्ट बिनको व्यवस्था गर्नु पर्नेछ।

(ग) कृषि हाट बजार क्षेत्रभित्र होहल्ला र प्रदुषण ध्वन, वायु, माटो, जल, आदि) गराउन पाइने छैन साथै अनावश्यक पोस्टर, फ्लेक्स तथा विज्ञापन सामग्रीहरु टाँस वा राख्न पाईने छैन।

(घ) कृषि हाट बजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नु पर्नेछ।

**१३. <u>बस्तु तथा सामाग्रीहरुको व्यवस्थापनः</u>** (१) हाट बजारमा बिक्रि वितरण गर्ने कृषि तथा पशुजन्य उपजहरु, लत्ताकपडा, भाँडाकुडा, ठेला प्रयोग गरि रखिने वस्तुहरु (फलफुल, खाजा, पक्वान आदी) छुट्टाछुट्टै वा एकै प्रकारको व्यवसायलाई एकैलहरमा व्यवस्थापन गर्नु पर्नेछ। ठेला प्रयोग गरि राखिने वस्तुहरुको लागि समेत अनिवार्य रुपमा स्टल प्रयोग गर्नु पर्नेछ।

(२) माछा, मासु विक्री वितरणको लागि बजारको निर्धारित कुनाका स्टलहरु प्रयोग गर्नु पर्नेछ। यस प्रकारको उपज विक्रीका लगि पक्कि भुइ ढलान गरिएक,, सफा गर्न पानीको प्रवन्ध सहित निकासको व्यवस्था भएको हनु पर्नेछ।

(३) विक्री वितरणको लागि राखिने कृषि बीउविजन विरुवाको हकमा नेपाल सरकारले पञ्जीकृत गरेको हुनु पर्नेछ।

**स्पष्टीकरणः** माछा, मासु लगायत पकाएका सामग्रीहरु बजारमा राख्न निरुत्साहित गरिनेछ। बजार क्षेत्र भित्र मदिरा, सुर्तीजन्य पदार्थ अखाद्य वस्तुको प्रयोग, विषादी आदिको विक्री वितरण तथा सेवनमा पूर्णरुपमा प्रतिवन्धित हुनेछ।

**१४. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) छायाँनाथ रारा नगरपलिका र अन्तर्गतका वडा कार्यालयबाट समितिको काम कारवाही तथा बजार कारोबार जुनसुकै बेला पनि निरिक्षण गर्नेछ र आवश्यक परेको कागजात उपलब्ध गराउनु समितिको कर्तव्य हुनेछ। नगरपालिका र वडा कार्यालयले निरन्तर अनुगमन गरि समस्या समाधान गर्नु पर्छ।

## परिच्छेद-४

## <u>कर तथा शुल्क व्यवस्था</u>

**१५. <u>इजाजतपत्र दर्ता तथा नविकरण शुल्कः</u>** (१) बजार सञ्चालन इजाजतपत्र दर्ता गर्दा रु. ५,०००/- (अक्षरुपी पाँच हजार रुपैया मात्र) र नविकरण शुल्क रु. २,५००/- (अक्षरुपी दुई हजार पाँच सय रुपैया मात्र) लाग्नेछ।

(२) प्रत्येक एक वर्षमा नविकरण गर्नुपर्नेछ।

(३) म्याद समाप्त भएको मितिले तिस दिन भित्र नविकरण गरेमा रु. ३,०००/- (अक्षरुपी तिन हजार रुपैया मात्र) नविकरण शुल्क लाग्नेछ।

(३) म्याद समाप्त भएको मितिले तिस दिन पछि एक वर्ष भित्र नविकरण गरेमा नविकरण शुल्क वापत रु. ३,०००/- (अक्षरुपी तिन हजार रुपैया मात्र) र जरिवाना वापत रु. रु. १,०००/- (अक्षरुपी एक हजार रुपैया मात्र) लाग्नेछ।

(४) म्याद समाप्त भएको एक वर्ष पछि प्रति वर्ष रु. १,०००/- (अक्षरुपी एक हजार रुपैया मात्र) लाग्नेछ।

१६. **बहाल विटौरी शुल्कः** (१) निजी जग्गा भाडामा लिई सञ्चालन गरेको हकमा बहाल कर तथा सार्वजनिक वा एलानी जग्गाको हकमा आर्थीक ऐनमा तोकिए बमोजिम बहाल विटौरी कर समितिले मासिक रुपमा नगरपालिकामा दाखिला गर्नुपर्नेछ।

१७. **स्टल बहाल प्रकृयाः** (१) बहाल शुल्क कायम गर्दा समितिले स्टल रहने स्थान विक्री गर्ने बस्तु तथा सामाग्री, विक्रीकर्ता (उत्पादक संवम वा व्यपारी) आदिको आधारमा भाडा दर निर्धारण गर्न सक्नेछ।

(२) यसरी स्टल भाडामा लगाउँदा समितिले प्रत्येक विक्रीकर्तासँग अलग अलग सम्झौता गर्नुपर्नेछ।

स्पष्टिकरणः बहाल शुल्क दर निर्धारण गर्दा कृषि उपज तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरि मूल्य निर्धारण गर्नुपर्नेछ।

१८. **बहाल करः** (१) सम्झौता बमोजिम कायम गरिएको बहाल शुल्कमा तोकिएको बहाल कर मासिक रुपमा समितिले नगरपालिकामा दाखिला गर्नुपर्नेछ।

## परिच्छेद-५
## समितिको आर्थिक व्यवस्था

१९. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ। समितिको कोषमा देहायका रकमहरु रहने छन र समितिको सबै खर्च सो कोषबाट व्यहोर्नेछ।

(क) नगरपालिकाबाट समितिलाई प्राप्त रकम,

(ख) सेवा सुविधा उपलब्ध गराए वापत प्राप्त शुल्क र रकम,

(ग) विभिन्न व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोबार गर्ने मान्यता प्राप्त बैंकमा खाता खोलीजम्मा गर्नु पर्नेछ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) समितिको खाता संचालक समितिको अध्यक्ष र बजार व्यवस्थापक वा सदस्य-सचिवको

संयुक्त दस्तखतबाट हुनेछ।

२०. **आर्थिक प्रशासनः** (१) समितिको आयव्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिनेछ।

(२) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टर्ड एकाउन्टेण्ट वा रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक वर्ष सकिएको तिन महिना भित्र गराउनु पर्छ।

(३) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवदेन नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गराई नगरपालिकामा बुझाउनु पर्नेछ।

(४) समितिले आयव्ययको विवरण प्रत्येक तीन महिनामा समितिको वेबसाईट र सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ।

(५) लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नु पर्नेछ।

(६) समितिले आर्थिक कार्य गर्दा वा गराउँदा प्रचलित ऐन, नियम र आर्थिक कार्यविधिको अधिनमा रही गर्नु गराउनु पर्नेछ।

(७) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ।

२१. **कृषि उपज बजार स्थलको वर्गीकरण र कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्थाः** (१) कृषि उपज बजार स्थल कुल वार्षिक आयको आधारमा देहाय बमोजिमको वर्गीकरण

(क) वार्षिक बिस लाख रुपैया भन्दा बढी आय हुने बजार स्थल, "क" वर्गको हुनेछ।

(ख) वार्षिक दश लाख देखि बिस लाख सम्म आय हुने बजार स्थल, "ख" वर्गको हुनेछ।

(ग) वार्षिक दश लाख सम्म आय हुने बजार स्थल, "ग" वर्गको हुनेछ।

२२. **बजारको खर्च व्यवस्थापनः** बजारको खर्च व्यवस्थापन देहाय बमोजिम गरिनेछ।

(१) "क" वर्गका बजारले कुल आयको सत्तरी प्रतिशत (७०%) रकम नियमित बजार संचालन गर्न (कर्मचारी तलब, भत्ता, बैठक भत्ता, बिजुली, पानी, टेलिफोन, चियापन तथा अन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र तिस प्रतिशत रकम स्थायी संरचना निर्माण कार्य गर्न छुट्याउने।

(२) "ख" वर्गको बजारले कुल आयको अस्सी प्रतिशत (८०%) रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र बिस प्रतिशत रकम स्थायी संरचना निर्माण कार्य गर्न छुट्याउने।

(३) "ग" वर्गको बजारले कुल आयको नब्बे प्रतिशत (९०%) रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र दश प्रतिशत रकम स्थायी संरचना निर्माण कार्य गर्न छुटयाउने।

(४) स्थानीय तहद्वारा संचालित बजारबाट उठेको कुल रकमको कम्तीमा पच्चिस प्रतिशत रकम सोही बजारको पूर्वाधार निर्माण तथा विकासमा खर्च गर्नुपर्ने।

२३. **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) समितिको कार्य सञ्चालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमता आवश्यकताको आधारमा कर्मचारी व्यवस्था गर्न सक्नेछ।

(२) यस निर्देशीका बमोजिम समितिको लागि आवश?यक कर्मचारी पदपुर्ती गर्न देहाय बमोजिमको पदपूर्ति उपसमिति रहनेछ।

(क) समितिले तोकेको समितिको सदस्य -अध्यक्ष

(ख) नरपालिकाको प्रतिनिधी -सदस्य

(ग) समितिको सचिव -सदस्य सचिव

(३) कर्मचारी प्रशासन विनियमावलीमा कर्मचारीको नयाँ नियूक्ति वा बढुवा गर्ने स्पष्ट व्यवस्था नभएमा प्रचलित कानून भएको व्यवस्थालाई अवलम्बन गर्नुपर्छ।

(४) समितिका कर्मचारीहरुको कार्यविवरण र सेवा सुविधा सम्बन्धी बिषयमा समितिको निर्णयले व्यवस्था भए बमोजिम हुनेछ ।

२४. **<u>व्यवस्थापकको नियूक्तिः</u>** (१) समितिले बजार व्यवस्थापकको नियूक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियूक्ति गर्दा खुला प्रतिस्पर्धाको आधारमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

२५. **<u>व्यवस्थापकको योग्यताः</u>** (१) व्यवस्थापक पदको लागि देहाय बमोजिमको तोग्यता पुगेको हुनुपर्छ।

(क) नेपाली नागरिक

(ख) पच्चिस वर्ष पुरा भई चालिस वर्ष ननाघेको,

(ग) कृषि, अर्थशास्त्र वा व्यवस्थापन वा विकास प्रशासन विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको,

(घ) मगज नविग्रेको

(ङ) कुनै कानूनले अयोग्य नभएको

(च) कानून बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनि स्वघोषणा गरेको हुनुपर्नेछ ।

२६. **<u>काम, कर्तव्य र अधिकारः</u>** (१) व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफू मातका कर्मचारीहरूको रेखदेख र नियन्त्रण गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) बजारव्यवस्थाको लागि आवश्यक वार्षिक, अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(घ) कृषिबजार विकाससँग सम्बन्धित विभिन्न निकायहरूसँग समन्वय राखी कार्य गर्ने,

(ङ) समिति र सदश्य सचिवले तोकेको अन्य कार्यहरू गर्ने,गराउने।

## परिच्छेद-६

## स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्था

२७. **स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्थाः** बजार स्थलबाट उपलब्ध गराइने स्टल, स्थान आदिको भाडा निर्धारण गर्दा समितिद्वारा देहायका आधार र प्रक्रिया अपनाइनेछ।

**(१) भाडा निर्धारणको आधारः**

(क) बजार स्थापना र पूर्वाधार विकासमा भएको लगानी,

(ख) बजारको संचालन, व्यवस्थापन खर्च,

(ग) भौतिक संरचना, उपकरण र सुविधाहरूको मर्मत संभार तथा बिमा खर्च,

(घ) बजारमा थप पूर्वाधार विकास एवं सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

(ङ) जनशक्ति विकास तथा उत्प्रेरणा खर्च,

(च) आकस्मिक आर्थिक दायित्व तथा जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने रकम,

(छ) अन्य संस्था वा निकायसँग समितिले लिज वा करारमा जमिन वा टहरा वा सटर लिई भाडामा लगाउनु पर्दा यस निर्देशिका बमोजिम भाडा निर्धारण गर्न नसकिने अवस्थामा जिल्ला भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा दरलाई आधार मानिनेछ।

**(२) भाडा निर्धारणको प्रक्रियाः**

(क) समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थान आदीको वर्गीकरण गर्ने,

(ख) भाडा निर्धारणको आधार बमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरि प्रचलित भाडादर समेतलाई मध्यनजर गरी आवधिक भाडा वृद्धिदर समेतको प्राविधिक प्रस्ताव तयार गर्ने,

(ग) समितिले भाडा निर्धारण सम्बन्धि प्राविधिक प्रस्ताव प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने घरभाडा निर्धारण समितिबाट स्वीकृत गराई सो को आधारमा भाडा निर्धारण गर्नेछ।

तर यस्तो भाडादर बजार क्षेत्र आसपास प्रचलित समान प्रकारको स्टल, स्थानको औसत भाडादर भन्दा बढीमा पच्चिस प्रतिशत सम्म सस्तो हुने गरी कायम गर्न सकिनेछ।

२८. **स्टल वा स्थान सञ्चालन तथा वर्गीकरण सम्बन्धी व्यवस्थाः** (१) स्टल वा स्थान सञ्चालन र वर्गीकरण देहाय बमोजिम हुनेछ।

(क) स्टल बा स्थान प्राप्तिको लागि निवेदकले व्यवसाय कर सम्बन्धी कार्यविधि बमोजिम कागजात तथा विवरण पेश गर्नु पर्नेछ,

(ख) समितिले बजार स्थलमा प्राङ्गारिक कृषि उपज, जडिबुटि (औषधी) तथा अन्य स्थानीय उत्पादन सङ्कलन बिक्री वितरणका लागि एकएक वटा स्टल वा स्थान छुट्याउनु पर्नेछ।

(ग) बजार स्थलमा एकाधिकार हुने गरी स्थायी रुपमा एकै प्रकृतिका व्यवसाय गर्नका लागि अनुमति तथा स्टल वितरण गर्न सकिने छैन।

(घ) व्यवसायलाई स्टल वा स्थान वितरण गर्दा दफा २१ बमोजिम निर्धारण सेवा शुल्क लिई प्रचलित खरिद कानून बमोजिम गर्नु पर्नेछ।

(ङ) स्टल वा कोठाको प्रति वर्ष शुल्क तोकी नवीकरण गर्नु पर्नेछ । समयमै नवीकरण नगर्ने तथा मासिक रुपमा तोकिएको शुल्क नबुझाउने व्यवसायी उपर कानून बमोजिम कारवाही हुनेछ । एक वर्ष सम्म नविकरण नगर्ने स्टलको इजाजतपत्र समितिको सिफारिसमा कार्यपालिकाले स्वतःरद्द गर्नेछ र बक्यौता रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(च) स्टल तथा कोठाको ईजाजत प्राप्त गर्ने व्यक्तिको एकाघर परिवारको सदस्य वा सहयोगी बाहेक अन्य कुनै पनि व्यक्तिले व्यवसाय गर्न पाउने छैन।

(छ) व्यवसाय गर्नेले समितिबाट उपलब्ध गराएको परिचय पत्र सबैले देख्ने स्थानमा राख्नुपर्नेछ ।

(ज) थोक व्यवसायीले अधिकतम तिन जना र खुद्रा व्यवसायीले अधिकतम दुई जना कामदार स्टलमा राख्न पाउनेछ। कामदारले समेत समितिले उपलब्ध गराएको परिचयपत्र लगाउनु पर्नेछ। कामदार परिवर्तन भएको अवस्थआमा कम्तिमा पाँच दिन भित्रमा समितिलाई जानकारी गराई परिचयपत्रको व्यवस्था गर्नु पर्नेछ,

(झ) स्टल वा कोठा बाहेक अन्य स्थानमा कृषि उपज बेचबिखनमा संलग्न हुने व्यवसायीले समितिबाट ईजाजतपत्र लिई नियमित रुपमा नवीकरण गरेको हनु पर्नेछ।

(ञ) व्यवसायीले व्यवसाय सञ्चालनका क्रममा तथा हाट बजारका दिन बिक्री वितरण हुने बस्तु तथा सेवाहरुको मूल्य सूची सबैले देख्ने गरी प्रकाशन गरेको हुनु पर्नेछ।

(ट) समितिसँग अनुमति नलिई तथा सम्झौतामा उल्लेख नभएको कुनै व्यवसाय गर्न पाईने छैन।

(ठ) माथि उल्लेखित नियम विपरित कसैले कुनै क्रियाकलाप गरेमा समितिको निर्णयले पच्चीस हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ,

(ड) हाट बजार चल्ने दिनको निर्धारण समितिले गर्नेछ,

(ढ) स्टल सम्बन्धी सम्झौता भएपछि समितिबाट निर्धारण गरिएको शुल्क प्रत्येक २ वर्षमा राष्ट्र बैंकको औसत मूल्य वृद्धिदर अनुसार वा दश प्रतिशतमा नघटने गरी वृद्धि हुनेछ।

(ण) समितिले प्राङ्गारिक कृषिउपजलाई कम्तिमा १ एक र IPM प्रविधिबाट आएको कृषि उपजलाई कम्तिमा एक वटा स्टल उपलब्ध गराइनेछ ।

(त) समितिसँग सम्झौता गर्दाको भाडाको कम्तिमा तिन महिनाको हुन आउने रकम धरौटी लिई स्टल वा स्थान उपलब्ध गराउनु पर्नेछ,

(थ) समितिले एक पटकमा बढिमा पाँच वर्ष सम्मको लागि स्टल वा स्थान उपलब्ध गराउन सक्नेछ ।

(द) एक परिवारलाई एक वटा मात्र स्टल वा स्थान उपलब्ध गराइने छ । तर ३ महिनासम्म पनि कुनै स्टल वा स्थान भाडामा नलागेमा एकै परिवारलाई समेत एक भन्दा बढी स्टल वा स्थान समितिले निर्णय गरी उपलब्ध गराउन बाधा पर्ने छैन् । उपलब्ध गराइएको स्टल

वा स्थान कसैलाई भाडामा लगाएको पाईएमा समितिले सम्झौता रद्ध गरी स्टल भाडामा लिंदा राखेको धरौटी जफत गर्नेछ र सोको सूचना सम्बन्धित पक्षलाई दिनेछ।

२९. **<u>सम्झौता सम्बन्धी व्यवस्थाः</u>** (१) व्यवसायीलाई स्टल वितरण गर्ने प्रक्रिया समाप्त भए पश्चात समितिले निश्चित अवधि तोकी सम्झौताका लागि सार्वजनिक सूचना जारी गर्नेछ। समिति र व्यवसायी बिच अनुसूची- ४ बमोजिमको सम्झौता हुँदा निम्न विषय उल्लेख गर्नु पर्नेछ।

(क) स्टलमा व्यवसाय गर्ने अवधि,

(ख) नवीकरण गर्ने प्रक्रिया,

(ग) व्यवसायको प्रकृति,

(घ) सेवा शुल्कको अङ्क,

(ङ) व्यपारिको एकाघर परिवारको सदस्यको नाम, थर र दस्तखत,

(च) सम्झौताका अन्य शर्तहरु समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे अनुसार हुनेछ,

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि व्यवसायी सँग हुने सम्झौता पाँच वर्ष भन्दा बढीको हुने छैन।

तर प्रत्येक आर्थिक वर्षको प्रथम त्रैमासिकको सुरु आश्विन मसान्त भित्रमा नवीकरण गरि सक्नु पर्नेछ।

## परिच्छेद-७
## <u>विविध</u>

३०. **<u>बैठक भत्ता तथा अन्य सेवा सुविधाः</u>** (१) समितिको बैठक भत्ता र हाट बजार व्यवस्थापन गर्न जिम्मेवारी पाएका कर्मचारीहरुको थप सेवा सुविधा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

३१. **<u>हाल सञ्चालनमा रहेका हाट बजार सम्बन्धमाः</u>** (१) अनुमति प्रकृया बाहिर रहेका र हाल सञ्चालनमा आइरहेका सबै हाट बाजरहरुले निर्देशिका लागु भएको तीन महिना भित्र मापदण्ड पुरा गरि अनुमति लिई सक्निपर्नेछ। तीन महिनाको समय अपुग भई समितिबाट अनुरोध भई आएमा स्थानीय तहले एक पटक मात्रको लागि बढीमा एक महिनाको अवधि थप गर्न सक्नेछ।

(२) उपदफा (१) मा उल्लेखित अवधि भित्र तोकिएको मापदण्ड पुरा गरी अनुमती प्रक्रियामा नआएका हाट बजार सञ्चालन गर्न नगरपालिकाले रोक लगाउन सक्नेछ।

३२. **<u>प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका सम्पुर्ण कार्य तथा आर्थिक एवम् प्राविधिक गतिविधि समाबेश भएको प्रतिवेदन नगरपाललिका समक्ष पेश गर्नु पर्नेछ । नगर कार्यपालिकाले प्रतिवेदन प्राप्त भएपश्चात प्रस्तुत रुपमा वा संशोधन सहित पारित गरी अनुमोदनका लागि नगर सभामा पेश गर्नु पर्नेछ।

३३. **सञ्चालक समिति गठन गर्न सक्ने:** (१) यस निर्देशिकाको अधिनमा रही नगर कार्यपालिकाले हाट बजार सञ्चालन हुने वडाको कुनै वडा सदस्यको संयोजकत्वमा सामुदायिक वन, सहकारी संस्था वा क्लवका प्रतिनिधि सम्मिलित बढीमा सात जनाको एक स्थानीय हाट बजार सञ्चालक समिति गठन गरी स्थानीय हाट बजार सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

३४. **सञ्चालक समितिको कार्यालय:** (१) नगरपालिका र स्थानीय हाट बजार सञ्चालन गरे वापतको सेवा, शुल्क र दस्तुर माथि आर्थिक व्ययभार नपर्ने गरी निर्देशक समितिको स्वीकृतिमा सञ्चालक समितिले एक छुट्टै कर्यालय स्थापना गर्न सक्नेछ। त्यस्तो सञ्चालक समितिले नगरपालिकाबाट पूर्व स्वीकृति लिई आफ्नो छुट्टै लोगो, लेटर प्याड र छापको प्रयोग गर्न सक्नेछ।

३५. **लोगो, लेटर प्याड र छाप:** (१) समितिको लोगो, लेटर प्याड र छापको छुट्टै व्यस्था गर्नु पर्नेछ, सो व्यस्था नभए सम्मका लागि नगर कार्यपालिकाले तोके बमोजिमको हुनेछ । लोगो, छाप र लेटर प्याड अनुसूची-५ र अनुसूची-६ बमोजिम हुनेछ।

३६. **पदाधिकारी तथा सदस्यलाई निलम्बन गर्न सकिने:** (१) पदाधिकारी तथा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई व्यवस्थापन समितिले तीन महिना सम्मा निलम्बनमा राख्न सक्नेछ।

(क) आर्थीक अनियमितता गरेमा,

(ख) पदिय अख्तियारको दुरुपयोग गरेमा,

(ग) शान्ति सुरक्षामा खलल हुने कार्य गरेमा।

३७. **बिमा सम्बन्धी:** (१) थोक बजार र "क" वर्गका जुनसुकै बजारहरुले स्थायी भौतिक संरचना मेसिन उपकरण एवं सवारी साधनहरुको बिमा गराउनु पर्नेछ। अन्य बजारहरुले आफ्नो क्षमता अनुसार त्यस्तो बीमा गर्न सक्नेछन्।

३८. **लाभांश वितरण:** (१) बजारको स्थापना वा सञ्चालनमा प्रत्यक्ष संलग्न जग्गादाता, स्थानीय साझेदार वा सहयोगि निकाय वा संघ संस्थालाई त्यस्तो साझेदारी वा सहयोग वापत लाभांश प्रदान गर्नुपर्ने अवस्थामा निजहरुको योगदानको आधरमा समितिले खुद मूबाफाको पाँच प्रतिशत भन्दा बढी नहुने गरी उपलब्ध गराउन सक्नेछ। सो भन्दा बढी मुनाफा वितरण गर्नुपर्ने भएमा निर्देशक समितिको स्वीकृति लिनु पर्नेछ।

३९. **स्थान, समय तोक्न सक्ने:** (१) नगरपलिकाले सर्वसाधारणको सुविधा, सरसफाई तथा ट्राफिक व्यवस्थापन समेतलाई दृष्टिगत गरी कृषि उपजहरुको खरिद बिक्री कार्यको लागि यस निर्देशिकाको प्रतिकुल नहुने गरी निश्चित स्थान, समय र प्रकृया तोक्न सक्नेछ।

४०. **समितिको कार्यालय व्यवस्थापन तथा सूचना प्रवाह:** (१) हाट बजार प्रवेशको स्थानमा हाट बजारको नाम तथा परिचय बोर्डको व्यवस्थाको साथै प्रत्येक टहरा, भवन तथा स्टलको संरचनामा नाम वा स्टल नम्बर प्रष्ट देखिने गरि राख्नु पर्नेछ।

(२) हाट बजार स्थलमा समितिको कार्यालय र हाट बजार सञ्चालन सम्बन्धि सूचना प्रवाह गर्न सूचना पाटीको व्यवस्था गर्नु पर्नेछ।

(३) हाट बजार सञ्चालन हुने प्रत्येक दिन हाट बजारमा विक्रीमा राखिने प्रत्येक कृषि जन्य उपजको अधिकतम र न्यूनतम मूल्य खुलाई मूल्य सूची सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

४१. <u>**व्यवसायीले पालन गर्नुपर्ने आचरणः**</u> (१) बजार स्थलमा व्यवसाय गर्न चाहने व्यापरी वा व्यवसायले देहायका आचरण पालन गर्नु पर्नेछ।

(क) इजाजत प्राप्त व्यापरी वा व्यवसायीले प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु तिरेको र व्यवसाय नविकरण गर्दा कर चुक्ताको प्रमाण पेश गर्नुपर्नेछ।

(ख) बजार व्यवस्थापन समितिलाई आफूले प्रयोग गरेको सुविधा वापत बुझाउनु पर्ने भाडा वा अन्य शुल्क बुझाउँदा व्यवस्थापन समितिको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।

(ग)इजाजत प्राप्त व्यक्तिले आफ्नो परिचयपत्र सबैले देखिने स्थानमा राखी व्यापार गर्नु पर्नेछ ।

४२. <u>**बाधा अड्काउ फुकाउः**</u> (१) यो निर्देशिका बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अडकाउ परेमा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४३. <u>**संशोधनः**</u> (१) नगर कार्यपालिकाले यो निर्देशिका आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ।

४४. <u>**बचाऊः**</u> (१) यो निर्देशिका प्रारम्भ हुनु भन्दा अघि बजार व्यस्थापन सम्बन्धी भए गरेका कार्य यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>इजाजत दर्ता प्रमाणपत्रको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा</u>**

मितिः .........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, गमगढी, मुगु ।

विषयः **<u>हाट बजार सञ्चालन इजाजत पत्र सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा छायाँनाथ रारा नगरपालिका वडा नं. ................ मा श्री........................................... हाट बजार सञ्चालक समितिद्धारा हाटबजार सञ्चालन गर्नको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु/छौं । हाट बजार सञ्चालन इजाजत पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु/गर्दछौ ।

**संलग्न कागजातहरु**

१. सञ्चालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
   (क) नागरिकता वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
   (ख) संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि,
   (ग) संस्थाको निर्णयको प्रतिलिपि,
   (घ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
   (ङ) करचुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्ने भएको भए करार सम्झौताको प्रतिलिपि

३. संघियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का

४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र

५. पुर्वाधारको स्वीकृत डिजाईन

<u>निवेदक</u>

नाम, थरः

हस्ताक्षरः

पदः

ठेगानाः

सम्पर्क नः

संस्थाको छापः

**अनुसूची-२**

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**<u>हाट बजार सञ्चालन इजाजत प्रमाणपत्रको ढाँचा (अगाडी)</u>**

**छायाँनाथ रारा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**गमगढी, मुगु**

| | |
|---|---|
| **साविक दर्ता नं.** | |
| **दर्ता मिति** | |
| **दर्ता संस्था** | |

| |
|---|
| सञ्चालक समितिको छाप |

बजार दर्ता नं.

जारी मितिः

श्री ..................................................

.......................................................

विषयः **<u>हाट बजार सञ्चलान इजाजत पत्र प्रदान गरिएको।</u>**

तपाई श्री ........................................... हाट बजार सञ्चालक समितिले छायाँनाथ रारा नगरपालिका वडा नं. ........... मा सञ्चालन हुने ..................................................... हाट बजार सञ्चालन गर्न इजाजत पत्र दर्ता/नविकरणको लागि मिति ................................ मा यस कार्यालयमा दिनु भएको निवेदन अनुसार नगरपालिकाको कृषि हाट बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम यस कार्यालयमा अभिलेख राखी यो इजाजत पत्र प्रदान गरिएको छ।

आफ्नो कारोवारको त्रैमासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नुहुन र प्रत्येक वर्ष अनिवार्य रुपमा नविकरण गराउनु हुन समेत अनुरोध छ ।

................... ................................

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

सञ्चालक समितिको नामः

ठेगानाः

अध्यक्ष वा प्रोपाईटरः

नागरिकता नं.

ठेगानाः

फोन नं

## अनुसूची-२

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**<u>हाट बजार सञ्चालन इजाजत प्रमाणपत्रको ढाँचा (पछाडी)</u>**

कृषि हाट बजारको नाम ..................................................... ठेगाना .....................................

सञ्चालक समितिको नाम ...........................................................................................

| नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण शुल्क | रसिद नं. | नविकरण गर्नेको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**<u>इजाजत दर्ता प्रमाणपत्र नविकरणको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा</u>**

मितिः ......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, गमगढी, मुगु।

विषयः **<u>इजाजत दर्ता प्रमाणपत्र नविकरण सम्बन्धमा।</u>**

प्रस्तुत विषयमा छायाँनाथ रारा नगरपालिका वडा नं. ...................... मा आ.व. ................... मा यस श्री.......................................... हाट बजार सञ्चालक समितिमा दर्ता भई सञ्चालनमा रहेको हुँदा हाट बजार सञ्चालन निरन्तरताको लागि तपसिलमा उल्लेखित कागजातहरु यसै निवेदन साथ संलग्न राखी इजाजत दर्ता प्रमाणपत्र नविकरण गरिदिन पेश गर्दछु/गर्दछौ ।

**संलग्न कागजातहरु**

१. सञ्चालन गर्ने व्यक्ति वा संस्थाको परिचय खुल्ने कागजातहरु
   (क) नागरिकता वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
   (ख) संस्थाको विधान वा संस्था सञ्चालन कार्यविधिको प्रतिलिपि,
   (ग) संस्थाको निर्णयको प्रतिलिपि,
   (घ) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
   (ङ) करचुक्ता वा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई सञ्चालन गर्ने भएको भए करार सम्झौताको प्रतिलिपि
३. संघियारले स्वीकृत दिएको सर्जमिन मुचुल्का
४. टोल विकास संस्था र वडा कार्यालयको सिफारिस पत्र
५. पुर्वाधारको स्वीकृत डिजाईन

<u>निवेदक</u>

नाम, थरः

हस्ताक्षरः

पदः

ठेगानाः

सम्पर्क नः

संस्थाको छापः

## अनुसूची-४

(दफा २९ को उपदफा (१) सँग सम्बन्धित)

**हाट बजारको भौतिक संरचना एवं विन्यास (Layout) नमूना**

हाट बजार स्थल ......................................... को व्यवस्थापन तथा सञ्चालनको लागि श्री .......................................... हाट बजार व्यवस्थापन समिति र छायाँनाथ रारा नगरपालिका विच भएको

**"सम्झौता—पत्र"**

**प्रस्तावनाः**

खुल्ला तथा बजारमुखी अर्थतन्त्रको प्रवर्द्धन र मुलुकमा कृषि पेशाको संलग्नताबाट हुने आयमा वृद्धिगरी व्यापार व्यवसाय क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखी मुलुकका विभिन्न क्षेत्रमा तरकारी, फलफुल, तेलहन, दलहन, मसला वाली, माछा, मासु, जस्ता वस्तुको बजार संरचनामा सुधार गर्ने प्रयास भएका छन् । यस्ता बजार सञ्चालन तथा व्यवस्थापनमा स्थानीय निकाय र जनसमुदायको सक्रिय सहभागीतामा गर्न सकेमा मात्र खुल्ला तथा बजारमुखी समतामुलक अर्थतन्त्रको विकास हुन सम्भावना रहन्छ । यस प्रकृयामा स्थानीय निकायको अहंम भुमीका रहन्छ । यसलाई मद्दत पुर्याउन छायाँनाथ रारा नगरपालिकाबाट जारी "कृषि हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१" बमोजिम गठित श्री ............................................. हाट बजार सञ्चालक समिति वीच सम्झौताका लागि यो पत्र तयार गरिएको छ। यो सम्झौता-पत्रमा उल्लेखित तपसिलका सवै वुँदा तथा शर्तहरु हामी दुवै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिनेछ।

१. "कृषि हाट बजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१" अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ।

२. समितिको गठन तथा कार्यान्वयनः (१) निर्देशिका बमोजिम मिति ..................... गते गठित तपसिल अनुसारको श्री ............................................... हाट बजार सञ्चालन समितिको सदस्यहरुमा निर्देशिकाको परिधि भित्र रही थप, घट, अदल वदल भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिनेछ।

**सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको नामावली**

| क्र.स. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| | कुल जम्मा | नौ जना | |

३. **<u>भौतिक संरचना:</u>** समितिबाट कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा नगरपालिकाबाट पूर्व स्वीकृती लिनु पर्नेछ।

४. **<u>समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरण:</u>** समितिको तोकिएको अवधि समाप्त भईसकेपछि निर्देशिका बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्मूर्ण कोषको रकम, भौतिक सम्पति, सामग्री, कागजात तथा कार्य जिम्मेवारी पन्ध्र दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ र सो को जानकारी नगपारलिकालाई दिनु पर्नेछ।

५. **<u>सम्झौता भंग गरी उपयोग गर्ने नगरपालिकाको विशेष अधिकार:</u>** यो सम्झौतामा अन्यत्र जे सुकै लेखिए भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पतिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा बजारको सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कुषि बजारको व्यवस्था र सञ्चालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा गाउँपालिकाले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पति आफ्नो कब्जामा लिई छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्नेछ।

६. समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसूची २ मा, समितिले प्रयोग गर्ने प्याडको नमूना अनुसुची-३ मा, समितिले प्रयोग गर्ने साइनवोर्डको नमूना अनुसुचि-४ मा र समितिलाई हस्तान्तरण गरिएको भौतिक सम्पति तथा सामग्रीहरुको विवरण अनुसुची-५ बमोजिम हुनेछ।

७. हस्ताक्षर कर्ता:

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नांमः | नामः |
| कृषि हाट बजार सञ्चालक समिति | नगरकार्यपालिकाको तर्फबाट |
| तर्फबाट (..........................)<br>समितिको अध्यक्ष | |
| साक्षीः | साक्षीः |
| समितिको तर्फबाट बजार व्यवस्थापक तथा सदस्य सचिव | छायाँनाथ रारा नगरपालिकाको तर्फबाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |

सम्झौता सम्पन्न मिति २०८१/....../...... रोज ....... शुभम्

**अनुसूची-५**

(दफा ३५ को उपदफा (१) सँग सम्बन्धित)

समितिले प्रयोग गर्ने लोगो तथा छापको

**नमूना**

**अनुसूची-६**

(दफा ३५ को उपदफा (१) सँग सम्बन्धित)

समितिले प्रयोग गर्ने लेटर प्याडको

**नमूना**

**कृषि हाट बजार सञ्चालक समिति**

**.......................................**

**नेपाल**

**(छायाँनाथ रारा नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत)**

प.सं.: मिति: ..........................

---

बिषय:

**Agriculture Haat Market Management Communitee (AHMMC)**

**…………………………………………**

**Nepal**

(Approved by the Office of the Municipal Executive, Chhayanath Rara Municipality)

Ref. No.: Date: ……………………..

---

Sub.:

## अनुसूची-७

समितिले प्रयोग गर्ने साइन बोर्डको
**नमूना**

## कृषि हाट बजार स्थल

**………………………………**
**(Agriculture Haat Market………………….)**

## अनुसूची-८

समितिले प्रयोग गर्ने

**<u>भौतिक सम्पत्ति तथा सामाग्री</u>**

श्री ....................................................... हाट बजार सञ्चालक समितिले प्रयोग गर्ने भौतिक सम्पत्ति तथा सामाग्रीहरुको विवरण

| क्र.स. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |

**अनुसूची-९**

(दफा १२ सँग सम्बन्धित)

**<u>हाट बजारको भौतिक संरचना एवं विन्यास (Layout) नमूना</u>**

प्रमाणित मितिः २०८२/०१/२५

आज्ञाले,

सूर्य प्रसाद गौतम

प्रमुख प्रशाकिय अधिकृत